ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# पर्दाभित्र...उपन्यासमा प्रयुक्त वैचारिकता

अचुतराज उपाध्याय तिवारी
अनुसन्धाता
**achyut.amritschool@gmail.com**

*अध्ययनसार*

*गङ्गाप्रसाद भेटवालको पर्दाभित्र.....(२०८०) उपन्यासमा प्रयुक्त क्रान्तिचेत, स्वतन्त्रता र राष्ट्रिय भाव वा वैचारिक पक्ष प्रबल भएर देखापरेको पाइन्छ । उनका उपन्यासमा प्रयुक्त भाव र अर्थमा सुन्दर संयोजन छ । उनको यस उपन्यासमा संवेदना, हार्दिकता एवम् कलात्मकताको सुन्दर संयोजन रहेको छ । मूलतः नेपाली समाज र नेपाली मात्र नभई समस्त मानव सभ्यताको उत्पीडन विरुद्ध विद्रोहको स्वर यस उपन्यासमा पाइन्छ । उपन्यासकार भेटवालको सृजनात्मक व्यक्तित्व अन्याय र अत्याचारका विरुद्ध हरदम सजगतापूर्ण ढङ्गले उपस्थित रहेको छ । राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि, प्रकृति चित्रण, विद्रोही भाव, यथार्थको चित्रण, प्रणय-प्रेमको चित्रण, प्रगतिवादी चेतना, मानवतावादी विचारको अभिव्यक्ति, साझा संवेदना, मानवीय अनुभूति, जीवनवादी दृष्टिकोण, विचारमा स्पष्टता, परिष्कार आदि उनका औपन्यासिक विशेषताहरू हुन् भन्ने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ । भेटवालको पर्दाभित्र...उपन्यासमा राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, समसामयिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता आदि प्रवृत्तिहरू पाइन्छ । उपन्यासकार गङ्गाप्रसाद भेटवालले सरल भाषाशैलीमा भाव र अनुभूतिलाई अत्यन्त सहजतापूर्ण तरिकाले प्रस्तुत गरेका छन् । यस उपन्यासमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रत्यक्ष प्रभाव पारेको छ । व्यक्तिले भोग्नुपरेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक उपन्यासमा आफ्ना मान्यता एवम् विचार व्यक्त गरेका छन् भन्ने निष्कर्ष रहेको छ ।*

**मुख्य शब्दावली** : क्रान्तिचेत, स्वतन्त्रता, राष्ट्रिय भाव, संवेदना र हार्दिकता ।

**विषयपरिचय**

नेपाली साहित्य विभिन्न विधामा रचना गर्ने गङ्गाप्रसाद भेटवाल समसामयिक धाराका साहित्यकार हुन् । उनले कविता तथा उपन्यास विधामा साहित्य रचना गरेका छन् । पर्दाभित्र... (२०८०)उपन्यासमा समाजलाई जागृत गर्नका लागि समाजमा ठुला र इज्जतदार भनिएको पात्रको आफ्नै मुखबोलीबाट कुकृत्यको उजागर गरिएको छ । हरेक पात्रलाई जीवनको उत्तरार्ध चरणमा आफूले जीवनमा गरेका आपराधिक कार्यले भतभती पोलेको छ भन्ने कुरालाई देखाइएको छ । कुनै पनि साहित्यिक कृतिभित्र प्रस्तुत कथानकले पाठक वा स्रोताको मनमा एक प्रकारको तरङ्ग उत्पन्न गर्दछ । उक्त तरङ्ग भावनामा बदलिन्छ र भावनाले जीवनमा गर्न हुने र गर्न नहुने कार्यको खाका अन्तरमनको तहमा तय गर्दछ । सम्पूर्ण कृतिको सार भावकले ग्रहण गरेपछि त्यसले जब मूर्त रूप लिन्छ त्यो नै विचार बनेर प्रस्तुत हुन्छ । वैचारिकता शब्दले विचार पक्षको प्रतिनिधित्व गर्दछ । विचार + इक + ता बाट वैचारिकता शब्दको निर्माण भएको हुन्छ । जब कुनै पनि कृतिसँग वैचारिकता शब्द जोडिन पुग्दछ त्यसले उक्त कृतिभित्र कस्तो प्रकारको विचार प्रस्तुत भएको छ भन्ने कुराको सङ्केत गर्दछ । यो उपन्यासले विभिन्न घटनावलीहरूको माध्यमबाट सामाजिक विकृतिको भण्डाफोर गरेको छ । फरकफरक पात्र र घटनाको माध्यमबाट विकृतिको भण्डाफोर गरी अबका दिनमा समाजलाई सचेत गराउने प्रयत्न उपन्यासमा छ । कृतिमा लेखकको विचार भन्दा पनि पाठकका मनमा उत्पन्न हुने विचारलाई महत्त्वपूर्ण मानिन्छ । जब पाठकले कृति पढ्दै जान्छ त्यहाँ आफू स्वयम्लाई कृतिको मुख्य पात्रहरूसँग तुलना गरी कृतिको आस्वादन गर्दछ । कृतिका मुख्य पात्रहरूका माध्यमबाट समग्रमा जुन विचारको प्रवाह हुन्छ त्यसलाई नै कृतिले प्रस्तुत गरेको विचार मानिन्छ ।

विशेषतः पर्दाभित्र... उपन्यासमा प्रकृति, राजनीति र जीवन सम्बद्ध सन्दर्भहरू समेटेका छन् । उपन्यासमा राजनीतिक समस्याबाट मुक्तिको कामना गरिएको छ । मानव जीवनका कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको

परिकल्पना पाइन्छ। आमाबाबुले छोराको भविष्य र देशको समुन्नत विकासका लागि देखेको सपना र सकारात्मक विचार बोकेका पात्रको संवादलाई उपन्यासको माध्यमबाट प्रस्तुत गरिएको यस उपन्यासमा राष्ट्रिय चिन्तन अभिव्यक्त भएको छ। त्यसैगरी सामाजिक विकृति, विसङ्गति, भ्रष्टाचार तथा असहमतिहरूको भर्त्सना गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको स्वर उराल्नु उनका उपन्यासको विशेषता हो। कविले यस उपन्यासमार्फत वैचारिक अनुभूति र इमान्दारितालाई सुहाउँदो स्थान दिनुका साथै राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेहको भाव प्रकट गरेका छन्। चेतनाका माध्यमबाट विद्रोह नभई शान्ति हुन्न र पुराना सामन्तीहरूको विनाश नगरी नयाँ राष्ट्र निर्माण हुन सक्दैन भने चेतनाको स्पष्टीकरणले यस कृतिलाई समाजवादी विचारको समीपमा पुऱ्याएको छ।

नेपाली उपन्यास परम्परामा एक सकारात्मक चेत बोकेको यो उपन्यास नेपाली उपन्यास परम्परामा नवीनता तथा प्रेम र क्रान्तिको प्रस्तुति गरिएको क्रान्तिधर्मी उपन्यास हो। यसरी हेर्दा प्रस्तुत पर्दाभित्र... उपन्यासमा क्रन्तिचेत र राष्ट्रवादी विचार वा भावपक्षको अभिव्यक्ति स्पष्ट रूपमा रहेको पाइन्छ। पर्दाभित्र... उपन्यासमा विचार पक्षको प्रधानता पनि भेटिने भएकोले प्रस्तुत अध्ययनमा पर्दाभित्र... उपन्यासमा प्रयुक्त वैचारिकताको अध्ययन गरी विश्लेषणात्मक विधिबाट विचारको खोज गरिएको छ ।

**उपन्यासमा विचारसम्बन्धी अवधारणा**

साहित्य जीवन र जगत्‌को दर्पण हो। साहित्य एक यस्तो भावना विशेष हो जसले भाषाका माध्यमबाट जीवनलाई अभिव्यक्त गर्दछ। साहित्य वा काव्य-रचनाको सुरुवातदेखि नै यस विधाप्रति विभिन्न विद्वान् र चिन्तकहरूले आआफ्ना मान्यताहरू अगाडि सार्दै आएका छन्। जसले (यस रागात्मक विधाले) अर्काको मनलाई जितेर आँसु या हाँसोले स्वागतको अपेक्षा गर्दछ। यसले एकअर्का बीचका भावनालाई नजिक ल्याइदिन्छ। साहित्यलाई एक किसिमले जीवनको पर्याय भन्न पनि सकिन्छ। जीवन सबैभन्दा महत्त्वपूर्ण र महान् छ। यस महत्त्वपूर्ण जीवनलाई साहित्यले मार्गनिर्देशन गर्दछ। यही साहित्यले जीवन जिउने कलाको उत्पत्ति गर्दछ। साहित्य वा काव्य मानव मनबाट उत्पन्न हुने गुत्थी हो। यही गुत्थी नै आनन्दानुभूतिको खानी हो जहाँ जीवनजगत्, कल्पनादेखि लिएर वास्तविकतासम्म पुगेको हुन्छ। साहित्य काल्पनिक हुन्छ तर काल्पनिक हुँदाहुँदै पनि साहित्यले वास्तविकताको रूप लिन पुग्छ।

सामान्यतः व्यक्तिले साहित्यका माध्यमबाट आफ्ना भावनाहरू अरूसम्म पुऱ्याउने गर्छ। त्यस सन्दर्भमा उसले प्रायः सकारात्मक पक्षको नै उद्‌घाटन गरेको पनि पाइएला तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन सक्छ। यो यथार्थता हो। साहित्य परिवेशअनुसार सृजित हुने भावना हो। त्यसैले स्वतन्त्र हुन्छ र हुनुपर्छ।

उपन्यास निश्चित दर्शन वा चिन्तनलाई प्रस्तुत गर्ने उद्देश्यले रचना गरिएको हुन्छ। सूक्ष्म कुराको उठानबाट उपन्यासमा गम्भीर विचार, दर्शन वा चिन्तन व्यक्त गरिएका हुन्छन्। नेपाली साहित्यमा शक्तिशाली वैचारिक उपन्यासको आरम्भ आधुनिक कालमा मात्र भए तापनि यसको बीजारोपण भने अगाडिदेखि नै सुरु भएको पाइन्छ। आख्यानको पूर्वाधार पनि संस्कृत साहित्य र वाङ्मय नै हो। वेद, पुराण, ब्राह्मण, उपनिषद् हुँदैं काव्य तथा आख्यान साहित्य अगाडि बढेको पाइन्छ। उपन्यासको सुरुवात र मौलिक चिन्तनको आरम्भ नेपाली साहित्यको आधुनिककालमा भए तापनि आख्यानको लोकप्रियता साहित्यको सुरुवातसँगै भएको हो। आख्यानको शक्तिमार्फत समाजलाई चिनाउने काम त उपन्यासले गर्छ नै यसका साथै खास गरेर नेपाली समाजमा जनचेतनाको अभ्युदय र जनजागरणका पक्षहरू देखिन थालेपछि उपन्यासको लेखनकार्यले गति लिन थालेको हो। तर, छोटो समयको अवधिमा पनि नेपाली उपन्यास निकै उपलब्धिपूर्ण देखिन्छ। छोटै अवधिमा विविध प्रवृत्तिलाई आत्मसात् गर्दै परिवर्तित समयसँग अगाडि बढ्न सक्नु नै नेपाली उपन्यासको उपलब्धिपूर्ण पक्ष हो भन्न सकिन्छ।

साहित्य र विचारका बीच अनेक प्रकारको सम्बन्ध रहन्छ भन्ने मान्न सकिन्छ। साहित्यको सशक्त आख्यान विधा मानिएको उपन्यासले जीवन र जगत्‌को कथा बोकेको हुन्छ। प्रायः के मानिन्छ भने साहित्य एक प्रकारको दर्शन हो, यसमा विचारलाई शिल्पको जामा भिराइन्छ अनि यसबाट प्रमुख विचारहरूको प्रदर्शन गर्न सकियोस् भनेर यसको विश्लेषण गरिन्छ। यस प्रकारका सामान्य कारणका रूपमा कलाकृतिहरूको सङ्क्षेपीकरण गर्ने या साररूप प्रस्तुत गर्नका लागि शोधार्थीहरूलाई प्रोत्साहित गर्ने गरिन्छ। धेरै पहिलेका अनुसन्धानहरूमा यस पद्धतिलाई मूढताका सीमासम्म पुऱ्याउने गरिन्थ्यो। यस प्रसङ्गमा मेरो ध्यान खास गरेर सेक्सपियरका बारेमा अनुसन्धान गर्ने जर्मन विद्वान् उलरिचीजस्ता

व्यक्तिहरूतिर आकर्षित हुन्छन्, जसले मर्चेन्ट अब भेनिसमा कानूनको जति नै कठोर बन्धन हुन्छ त्यति नै बढी अन्याय भन्ने केन्द्रीय विचार रहेको प्रतिपादन गरेका छन् । यद्यपि आज अधिकांश विद्वान्हरू त्यस्तो अतिशय बौद्धिकीकरणका विरोधी भएका छन् तथापि अझै पनि यस्तो विवेचन प्रस्तुत गरिन्छ, जसमा साहित्यिक कृतिको दार्शनिक ग्रन्थका रूपमा मीमांसा गरिएको हुन्छ (जोशी, २०६६, पृ. १६), उपन्यासमा विचार वा दृष्टिकोणलाई बडो सौन्दर्यपूर्ण ढङ्गले प्रस्तुत गरिएका हुन्छन् । कुनै पनि व्यक्तिले उपन्यासमा जेजे भनिएको छ । त्यसैका दृष्टिले मात्र यसलाई पढ्नु भनेको एकदमै व्यर्थको कुरा जस्तो लाग्छ । यसको गहन भाव बुझ्नु पर्दछ । उनले टी.एस. इलियटका मतमा न सेक्सपियरले न दाँतेले नै कुनै प्रकारको वास्तविक चिन्तन गरेका थिए र भन्ने प्रश्न उठाएका छन् (ज्ञवाली, २०७५, १२३) । उपन्यास वा काव्यमा कविले मुख्य विषयवस्तु प्रायः अतिरञ्जित गरेका हुन्छन् । यदि हामी ती चर्चित उपन्यासहरूको विश्लेषण गरौं जसको प्रशंसा तिनमा निहित दर्शनका लागि गरिन्छ भने हामीलाई के लाग्छ भने तिनमा मुख्यतः मानवको नश्वरता र भाग्यको अस्थिरताका विषयमा कोरा सामान्य कुरा मात्र गरिएको हुन्छ । पाठकहरूका लागि कविहरूका दिव्य उद्गार जस्ता लाग्ने आप्तवचन अन्त्यतः प्रायः प्राथमिक सत्यको कोरा सूत्र बनेर रहन जान्छन् । यदि हामीले केही सामान्य स्थापनाहरू जस्तो किट्सको सत् छ सुन्दर सुन्दरै छ सत् भन्ने वाक्यलाई झिकिदिने हो भने तापनि हामीलाई कलाको स्थायित्व र मानवीय भावना तथा प्राकृतिक सौन्दर्यको अस्थिरताको दिग्दर्शन गराउने कुनै उपन्यासको निष्कर्ष जस्तो नलागोस् तबसम्म हामी सत् छ सुन्दर सुन्दरै छ सत् मान्ने यस मान्यताको जस्तो लाग्छ त्यस्तै अर्थ निकाल्नेछौं (ज्ञवाली, २०७५, पृ.१२४) ।
साहित्यको विवेचना त्यसलाई विचार र दर्शनको इतिहासका एक दस्तावेज रूप मानेर गर्न सकिन्छ भन्ने कुरामा कुनै सन्देह छैन । साहित्यको इतिहास बौद्धिक इतिहासका समानान्तरमा चलिरहन्छ । त्यसमा बौद्धिक इतिहासको प्रतिबिम्ब विद्यमान रहन्छ । केही स्पष्टोक्ति र प्रसङ्गहरूबाट कहिलेकाहीँ के प्रस्ट हुन्छ भने कुन साहित्यकारको कुन खास दर्शनप्रति विश्वास छ अथवा उसलाई कुनै युग विशेषमा निकै चर्चित कुनै दर्शनबारे राम्रो जानकारी छ । कमसे कम पनि उसलाई त्यस दर्शन वा मोटामोटी ज्ञान छ भन्ने प्रमाणित हुन्छ । उपन्यास कुनै न कुनै वाद वा धारामा देखिन्छ ।

लवज्वायले आफ्नो ग्रन्थ अस्तित्वको विराट परम्परामा बडो विलक्षणताका साथ यसको प्रभावोत्पादकताको राम्रोसँग दिग्दर्शन गरेका छन् । त्यस पुस्तकमा उनले प्लेटोदेखि शेलिङसम्मका साहित्यमा प्रयुक्त विचारको स्वरूप निर्धारण गरेका छन् । शुद्ध दर्शन, विज्ञान, धर्मशास्त्र र साहित्यसम्बन्धी चिन्तनमा समेत उनले विचार तत्त्वको खोजी गरेका छन् । उनको यो खोजपद्धति दुई दृष्टिकोणबाट ऐतिहासिक पद्धतिभन्दा भिन्न छ (ज्ञवाली, २०७५, १२६) । लवज्वायले दर्शनसम्बन्धी इतिहासका अध्ययनलाई महान् चिन्तकहरूसम्म मात्र सीमित गरेका छन् र आफ्नो विचारको इतिहासमा साना चिन्तकहरू र कविहरूलाई पनि सामेल गरेका छन् । उनको कथनअनुसार यी साना विचारक र विवेचना गर्ने सन्दर्भमा बौद्धिक इतिहासका समस्याहरूको निरन्तर विवेचना गर्नुपर्ने, वास्तवमा समालोचनाको इतिहास सौन्दर्य शास्त्रीय चिन्तनको नै एउटा अङ्ग हो भनेका छन् ।

अङ्ग्रेजी साहित्यको विवेचना दर्शनका इतिहासको प्रतिबिम्ब आउने गरी पनि भन्ने कुरामा सन्देह छैन । जस्तो पुनर्जागरणकालीन प्लेटोवादको प्रतिबिम्बकाल साहित्यमा भरिभराउ छ । स्पेन्सरले आफ्ना चार साहित्यमा स्वर्गीय सौन्दर्यसम्म पुग्ने नवप्लेटोवादी उद्भवक्रमको गरेका छन् । फेयरी क्वीनमा उनले प्रकृति र नश्वरताका द्वन्द्वलाई समाप्त हुँदै एउटा नित्य र अपरिवर्तनीय सत्ताको समर्थन गरेका छन् । मार्लोका रचनामा हमोलाई समकालीन इटालीको नास्तिकतावाद र सन्देहवादको ध्वनि प्राप्त हुन्छ । शेक्सपियरसम्ममा पनि पुनर्जागरणकालीन नवप्लेटोवादका अनेक लक्षण देखापर्छन् । उसको उदाहरण ट्रायलसको युलिसिससम्बन्धी प्रसिद्ध व्याख्यान हुनसक्छ । त्यसबाहेक सेक्सपियरमा मोन्टेन र स्टोइक (सुखवादी) दार्शनिकहरूका केही मधुर ध्वनि सुन्न सकिन्छ । उनका संवेदनामा आधुनिक विज्ञानको कति गहिरो प्रभाव परेको छ त्यसको खोजी हामीले गर्नैपर्छ साथै पादरी र तार्किकहरूबारे उनले गरेका अध्ययनलाई त्यहाँ देख्न सकिन्छ । मिल्टनले त आफ्नो एउटा नितान्त भिन्न धर्मशास्त्र सृष्टि विज्ञानको चर्चा गरेका छन्, जसको एउटा अर्थ के पनि निकाल्न सकिन्छ भने त्यसमा भौतिकवाद र अरिस्टोटलका विचार दुवैको समन्वय छ र ती दुवैलाई प्रस्तुत गरेका छन् ।

उपन्यासमा प्रयुक्त विषयवस्तुको भाव वा विचार उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा जीवन जगत्सम्बन्धी विषयवस्तु, प्रकृति, मानव समाज, धर्म, संस्कृति, राजनीति, अर्थनीतिजस्ता अनेक पक्षमध्ये एक पक्षमा विषयवस्तुको भाव वा विचारलाई सशक्त प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा सीधै आत्मालाप, कथनात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरे पनि मूल चुरो भाव वा विचार नै हो । मानवीय अनुभव जीवनको समग्रता र जीवन

सन्दर्भको विराट्तालाई क्रमशः अँगाल्दै उपन्यासको कथ्य, विषयवस्तु र भाव विधानका आयामका दृष्टिले उच्च र सामान्य बन्दछन् ।

उपन्यासको शीर्षकले यसको विचारको भाव बोकेको हुन्छ । कविको मूल उद्देश्य नै उपन्यासको वैचारिक पक्षको अभिव्यक्ति हो । उपन्यासमा अन्याय र अत्याचारप्रतिको आक्रोशपक्ष, आधुनिकताको चिन्तन, शासकीय दमन र क्रान्ति आह्वान, स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामना, स्वच्छन्दतावादी विचार प्रवाह तथा अगाध प्रकृति प्रेमजस्ता वैचारिकता व्यक्त भएको पाइन्छ । यसरी साहित्य वा काव्यमा विभिन्न समयका दार्शनिक तथा कविहरूले आआफ्ना विचारलाई कुनै वाद नजिक राखेर प्रस्तुत गरेका हुन्छन् जुन उपन्यासकै प्रवृत्तिका रूपमा आएका हुन्छन् । त्यसैले उपन्यासमा प्रयुक्त विषयवस्तुको भाव वा विचार उपन्यासको महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा जीवन जगत्सम्बन्धी विषयवस्तु, प्रकृति, मानव समाज, धर्म, संस्कृति, राजनीति, अर्थनीति जस्ता अनेक पक्षमध्ये एक पक्षमा विषयवस्तुको भाव वा विचारलाई सशक्त प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा सीधै आत्मलाप उपन्यास कथनात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरे पनि मूल चुरो तथा केन्द्रीय कथ्य भाव वा विचार नै हो । मानवीय अनुभवको क्षण विशेष एक स्वास मनोदशा जीवनकै एक भाग जीवनको समग्रता र जीवनसन्दर्भको विराट्तालाई क्रमशः अँगाल्दै उपन्यासको कथ्य, विषयवस्तु र भाव विधानका आयामका दृष्टिले उच्च र सामान्य बन्दछन् ।

**पर्दाभित्र...उपन्यासमा वैचारिकता**

पर्दाभित्र.....उपन्यासमा मानवले मावता बुझेर एक अर्कालाई सहयोग गर्नुपर्छ भन्ने विचार आएको छ । पहिलोपटक काठमाडौंको यात्रामा निस्केको वसन्ते पात्रलाई एउटै बसमा यात्रा गरेर चिनजान भएको पात्रले सहायता गरेका छन् जसलाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> *तिमी यही गाडीमा गएर बसपार्कमा झर्नू अनि पशुपति गौशाला जाने बसमा चढेर जानू र गौशालामा ओर्लनू । त्यसपछि पशुपतिनाथको दर्शन गर्नू । अनि गौरीघाट . जानू । मितबुबालाई भेट्नू । अनि नयाँ जिन्दगी सुरु गर्नू । तर, हेर तिमीले सोचेजस्तो मितबुबा हुन पनि सक्छन्, फरक खालका पनि हुन सक्छन् । तिमीले पत्तै पनि नलगाउन सक्छौ । तिमीले मित बुबालाई भेट्न सकेनौं भने गौशालामा धर्मशाला पनि छ ।* (भेटवाल, २०८०, पृ. २१)

यस उपन्यासमा मानवतावादी विचार प्रवाहजस्ता तत्त्व भेटिन्छन् । धार्मिक विश्वारमा मानिसले मन्दिर वरपर भोजन गराइरहेका हुन्छन् :

> *'पशुपतिको जात्रा सिद्राको व्यापार' यो उखान उसले गाउँमा धेरै सुनेको थियो । आज एकाएक यो उखान उसको स्मृतिमा ताजा भयो ।*
>
> *जेहोस् चुपचाप भोजनस्थलतर्फ अगाडि बढ्छ । केही मान्छेहरू खीर-सब्जी खाने लाइनमा हुन्छन् । ऊ पनि लाइनमा बस्छ । मज्जाले तातो खीर-सब्जी थपीथपी खान्छ । खीर थप्दै गर्दा पछि पैसा माग्छन् कि जस्तो सोचाइ उसमा नभएको होइन तर अघि भेटिएको त्यो भद्र मान्छेको भनाइमा विश्वस्त छ ऊ । त्यसैले ऊ निस्फिक्री छ । खीर खाइसकेपछि सबै खीर खानेहरू यताउता लाग्छन् । कसैले तिनीहरूको वास्तै गर्दैनन् । तब ऊ ढुक्क हुन्छ । भोजन फ्रिमै रहेछ । उसको मनमा के यसरी नै सधैं यहाँ फ्रिमै भोजन हुन्छ होला त ? भन्ने प्रश्न उब्जन्छ ।* ( भेटवाल, २०८०, पृ.२४ )

उपन्यासकारले यस उपन्यासमा गलत तरिकाबाट धन कमाउँदा कालान्तरमा आएको अशान्त अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> *म समाजको प्रतिष्ठित मान्छेको रूपमा स्थापित हुँदै गएँ । देशमा राजनीतिक पार्टीहरू छँदै थिए । विभिन्न पार्टीहरूले मलाई आफूतर्फ आकर्षित पनि गरिरहन्थे । म पनि अनुकूलता हेरी पार्टी परिवर्तन गरिरहन्थैं । व्यावसायिक रूपमा मेरो ल फर्म पनि निकै स्थापित भयो । पछिल्लो दिनमा म पनि सामान्य वकिलबाट वरिष्ठ वकिलमा रूपान्तरित भएँ । वरिष्ठ वकिल कसरी भइन्छ भन्ने अनुभव पनि भयो । मेरो ल फर्ममा अब नवप्रवेशी कानुन व्यवसायीहरू सिक्न आउन चाहन्थे । केटा सिकारु कानुन व्यवसायीलाई भन्दा केटी कानुन व्यवसायीलाई प्राथमिकता दिन्थैं । उनीहरू पनि मसँग झुमिन्थे । नवप्रवेशी केटी वकिलहरू बिस्तारै मेरो पञ्जामा पर्थे । बिस्तारै-*

*बिस्तारै उनीहरूलाई लिएर बाहिरी जिल्ला अदालतमा अनि मिटिङ्हरूमा पनि जान्थैं । उमेरमा मभन्दा कम उमेर भएका केटीहरू धेरै मेरा प्रेमिका बन्थे । म उनीहरूसँग पालैपालो सम्बन्धसमेत बनाउँथें । त्यो कुलतमा यतिसम्म लिप्त थिएँ कि सिकारु कानुन व्यवसायीहरू गर्भवतीसमेत बन्न पुग्थे । उनीहरूलाई आमा बन्नबाट रोक्न सक्दिनथिएँ । मेरो सामाजिक इज्जतको फाइदा उठाएर उनीहरूको विवाह गरिदिन्थैं । केही खर्च पनि दिन्थैं । धेरै केटीहरू त राम्रै ठाउँमा परेका छन् । इज्जतको साथ घरव्यवहार अनि व्यवसाय चलाएका छन् । केही भने बिग्रिएका पनि छन् । कतिलाई मैले नि घरजग्गा किनिदिएको छु । मेरो चालीस वर्षको कानुन व्यवसायको क्यारिएरमा पाँच सय जत्ति महिलाको राम्रोसँग उद्धार गरेको छु । तर, मनमा शान्ति छैन । अहिले मेरो यो बुढेसकालमा धेरै महिलाहरूबाट धम्की खेप्नुपरेको छ । ब्ल्याकमेलिङमा पनि पर्नुपरेको छ । म साह्रै अशान्त छु (*भेटवाल, २०८०, पृ.४५,४६ ) ।

उपन्यासमा आधुनिकताको चिन्तन, राजनैतिक विकृति र त्यसले पारेको भ्रान्तिको अवस्था अभिव्यक्त गरिएको छ । जसलाई उपन्यासमा यसरी प्रस्तुत भएको गरिएको छ ः

*सरकार सञ्चालन गर्नेहरूदेखि विभिन्न राजनीतिक दलका प्रायः सबै नेताहरूसँग अनि छिमेकी देशका कूटनीतिक व्यक्तिहरूसँग पनि मेरो सम्बन्ध एकदमै प्रगाढ थियो । म आफूलाई निकै शक्तिशाली मान्छे ठान्थैं । समयक्रम र मेरो योग्यताले मलाई सर्वोच्च अदालतको न्यायाधीशसम्म बनायो । म प्रधानन्यायाधीशको सपनासमेत देख्न पुगेको थिएँ । त्यो चाहिँ मलाई समयले उपहार दिएन । जिल्ला र पुनरावलोकन अदालतसम्म एक किसिमको संसार देखिन्थ्यो । तर, सर्वोच्चमा आएपछि संसारको दायरा नै फरक हुँदो रहेछ । न्याय सम्पादन गर्दा नै पाउने उपहार ठुल्ठुला हुँदा रहेछन् । त्यत्तिखेरसम्ममा मेरो पारिवारिक लहरो पनि युरोप अमेरिकासम्म स्थापित भइसकेको थियो । यता नेपालमा न्याय सम्पादन हुन्थ्यो । मोटो उपहारको रकम डिलरहरूले युरोप अमेरिकातिर व्यवस्था गर्थे । फाइदा राम्रो हुन्थ्यो । प्रायः मेरा परिवारका सदस्य युरोप अमेरिकामा ठुलाठुला व्यावसायी नै बनेका छन् । कतिपय बनावटी सम्बन्धका मान्छेका नाममा समेत लगानी गर्नुपरेको छ ।* त्यस्तोमा जोखिम पनि हुन्छ । हामी कर्मचारीको बाध्यता पनि हुन्छ । व्यवस्थापनको काम कठिन भए पनि गर्नै पर्‍यो (भेटवाल, २०८०, पृ.५५-५६ ) ।

प्रस्तुत साक्ष्यमा स्वच्छन्तावादी विचारसँगै कल्पनाको प्रयोग गरिएको छ । गलत तरिकाबाट आर्जन गरेको धन सम्पत्तिमा समाजका खराब मानिसका आँखा लाग्ने बेलाबेलामा दुख दिने गर्दछन् भन्ने कुरालाई उपन्यासमा यसरी प्रस्तुत भएको छ ः

*राजनीति हो, जतापनि पल्टिन सक्छ भनेर हामीले लगानी विविधीकरण गर्न थाल्यौं । नेपालका अलावा, भारत, सिंगापुर, दुवई, अफ्रिका, भुटान आदि देशमा त्यसपछिका दिनमा लगानी गर्‍यौं । तर पनि हामीलाई विभिन्न ठाउँबाट अन्तर्राष्ट्रिय संगठित गिरोहबाट धम्की आइरहन्छ । कतिपटक त परिवारका सदस्यहरू पनि अपहरण परेका छन् । फिरौती बुझाएर हामीले छुटाएका छौं* (भेटवाल, २०८०, पृ.६६ ) ।

उपन्यासले देशको स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामना गरेको छ । आम जनताले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ भन्दै उपन्यासमा प्रयुक्त स्वतन्त्रतावादी विचार यसरी आएको छ । यस उपन्यासमा कविले अत्याचार र शासकीय दमनको विरोध गर्दै क्रान्तिमार्फत् स्वतन्त्रता र प्रजातन्त्र प्राप्त गरेरै छोड्ने सपनासँगै शासकलाई क्रान्तिका लागि चुनौती दिएका छन् । यो नै उपन्यासमा प्रयुक्त मूल भाव वा विचार हो ।

*हाम्रो होटलमा बस्न आएका ती मान्छेहरू आन्दोलनकारी रहेछन् । तिनीहरूले उतैको बैंक लुटेर आएका रहेछन् । गाउँका सबै मान्छेहरूले सुरक्षाका लागि आफूसँग भएको सुनचाँदी बैंकमा राखी केही ऋण पनि लिएका रहेछन् । करोडौंको सुनचाँदी र करोडौं रकम उनीहरूले बैंक लुटेर भागी हाम्रो होटल, गेष्टहाउसमा आइ बास बसेका रहेछन् । हाम्रोमा ती सामान राखेर फेरी दुई जिल्ला उता अर्को बैंक लुटन गएका रहेछन् । उनीहरू उता बैंक लुट्न जाँदा सुरक्षाकर्मीको घेरामा परी मारिएछन् । सुरक्षाकर्मीले मानव अधिकारको उल्लङ्घन गर्‍यो, अपराध गर्‍यो भन्ने समाचार फिजाउँछन् भनेर ती मरेका लासहरू खाल्डो खनेर गाडिदिएछन् । घटना खासै बाहिर*

*आएनछ । होटल, गेष्टहाउस पनि सम्पर्कका ठुला स्थान हुन्थे त्यो बेला । मैले धेरै सूत्र प्रयोग गरी त्यो घटनाको वास्तविकता बुझेँ । सत्यता पनि त्यही रहेछ । ती सबै सुनचाँदी र रकम ल्याउने मारिए । अब त्यो सम्पत्तिको भोगाधिकार मेरो हुने अवस्था आयो । एक सामान्य व्यवसायीलाई त्यत्रो ठुलो धनसम्पत्तिको व्यवस्थापन गर्न पनि बहुत कठिन थियो । मैले एक मनले त्यो सबै धनसम्पत्ति सुरक्षाकर्मीलाई दिनेसम्मको कुरा पनि सोच्न भ्याएँ तर मन पूर्णरूपले मान्दै मानेन । 'धन देखेपछि महादेवको पनि तीन नेत्र' भनेझैँ मलाई पनि लोभ पलायो ।*

*त्यो समूहले देशका कति वटा बैंक लुटेको पैसा भन्न सक्दिनँ । रकम ठुलै थियो । सुनचाँदीका पोका पनि बहुतै । गेष्टहाउसको स्टोर कोठामा ती सबै सामान सुरक्षित राखेर केही समयका लागि दाङ झरेँ । तराईमा धेरै जग्गा किनेको र महल बनाएको सपना देखेँ तर त्यो सपना धेरैबेर सम्झन मन लागेन । धेरै जग्गा किन्नेबित्तिकै कसैको नजरमा परिहालिन्थ्यो । भविष्य सुरक्षित हुँदैन थियो । दाङमा एकदिन बसेर काठमाडौँ गएँ* (भेटवाल, २०८०, पृ.९९,१०० )।

उपन्यासमा प्रयुक्त क्रान्तिचेत, स्वतन्त्रता र राष्ट्रिय भाव वा वैचारिक पक्ष प्रबल भएर देखापरेको पाइन्छ। उनका उपन्यासमा प्रयुक्त शब्द बिम्ब, प्रतीक, भाव र अर्थमा सुन्दर संयोजन छ। राजनीति विकृत बन्दै गएको अवस्थाले मानिसमा लोभ लालच बढदै गएको परिवेश र चरित्रलाई यसरी चित्रण गरिएको छः

*असल मान्छेले असल नियतका साथ सङ्गठन गर्न बहुत गाह्रो हुँदो रहेछ । इमानदार मान्छेसँग जनता पनि नटेर्ने । केही ठाउँमा केहीपटक पार्टीले शोषकलाई मृत्युदण्डसमेत दिन सकिने योजना अपुष्टरूपले फिँजाउँथ्यो । त्यसपछि चन्दा सङ्कलन बढी नै हुन्थ्यो । पार्टीको नाममा पनि टाठाबाठा नेताहरूले आम्दानी राम्रै गर्न भ्याइयो । ममा पनि राजनीतिको लत बस्यो । मेरो पनि जीवनस्तर जिल्लामा राम्रो भयो ।*

*चुनाव आउँदा तिकडम, अपराध सबै गरियो । कति पैसा जिल्लामा उठाइन्थ्यो । कति केन्द्रीय नेतृत्वले व्यक्तिगत हिसाबले दिन्थ्यो । म आर्थिक रूपले सम्पन्न हुँदै गएँ । म केन्द्रको नेतृत्वसँग नजिक थिएँ । केही केटाहरू मैले छुट्टै पालेको थिएँ । तिनीहरूलाई ठेकेदारको अधिपछि लाग्ने व्यवस्था गरेको थिएँ । ठेकेदार पनि मेरै मान्छे । मैले ठेक्कापट्टा कब्जा गरेर मेरै ठेकेदारलाई निर्माणका काम जिम्मा दिन्थेँ । काम अति कमसल गरेर पैसा हामी राख्थ्यौँ । कति ठाउँका पुलहरू काम सकिएको केही समयमा भत्किन्थे । बाटोको पिच पनि त्यस्तै । गरेको केही समय उस्ताको उस्तै । हाम्रो ग्रुपले निर्माण गरेका भवन केही समयमा नै पानी चुहिएर बिजोग हुन्थे । हाम्रो पार्टी बलियो हुँदै गएकाले ती सबै आवाजलाई हामी दबाउँथ्यौँ* (भेटवाल, २०८०, पृ.१११ )।

उपन्यासमा संवेदना, हार्दिकता एवम् कलात्मकताको सुन्दर संयोजन पनि छ । मूलतः नेपाली समाज र नेपाली मात्र नभई समस्त मानव सभ्यताको उत्पीडन विरुद्ध विद्रोहको स्वर पाइन्छन् ः

*त्यहीबेला ज्योतिषीबाबा भन्छन् - बाबु तँ बलियो बन् । तँ कमजोर बन्न पाउँदैनस् । तँलाई अझै केही कुरा भन्नु छ मैले । घरमा मेरो पूजाकोठामा एउटा बाकस छ चाबी लगाएर राखेको, मेरो मृत्युपछि त्यो बाकस खोल्नू । त्यहाँ जग्गाको लालपुर्जा, अरू कागजात, चिठीपत्र पनि छन् । तैँले त्यो खोलेर तेरो विवेक प्रयोग गरेर काम गर्नु । जीवनमा गलत नगर्नू । एक गल्ती छिपाउन हजार गल्ती गर्नुपर्छ, त्यसैले एक गल्ती पनि नगर्नू । गल्ती भैहाले तत्काल त्यो सार्वजनिक गरी क्षमायाचना गर्नू । गल्ती हुन सक्छ मान्छेबाट तर त्यो सुधारिहाल्नुपर्छ । सुधार्न सकिएन भने जीवन ध्वस्त हुन्छ । अहिले मलाई हेर त* (भेटवाल, २०८०, पृ.१७८ ) ।

भेटवालको सृजनात्मक व्यक्तित्व अन्याय र अत्याचारका विरुद्ध हरदम सजगतापूर्ण ढङ्गले उपस्थित छ । राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि, प्रकृति चित्रण, विद्रोही भाव, यथार्थको चित्रण, प्रणय-प्रेमको चित्रण, प्रगतिवादी चेतना, मानवतावादी विचारको अभिव्यक्ति, साझा संवेदना, मानवीय अनुभूति, जीवनवादी दृष्टिकोण, विचारमा स्पष्टता, परिष्कार आदि उनका उपन्यासत्मक विशेषताहरू हुन् । उनका रचनाहरूमा राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, समसामयिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता आदि प्रवृत्तिहरू पाइन्छ ।

देशको समृद्धिका लागि सबै असल बाटोमा लाग्नुपर्छ भन्ने भाव उपन्यासमा यसरी अभिव्यक्त भएको छ ः

*हिमाल, पहाड र तराईको मिश्रणबाट नेपालले पूर्णता पाएको छ । हिमालदेखि तराईसम्म नेपाली संस्कृति र नेपाली भाषाको महत्त्वपूर्ण भूमिका छ । नेपाली भाषा र नेपाली संस्कृतिको जगमा सिङ्गो नेपाल फक्रिएको छ र विश्वमा*

*नेपाल परिचित छ। नेपालको इतिहास र संस्कृतिको गहिरो अध्ययन गरेकै छस् । यसको आफ्नै गौरवपूर्ण विरासत छ। हामी सबै नेपाली बलियो नेपाली पहिचानसहित बाँच्नुपर्छ।*

> *आजका दिनमा नेपालमाथि चारैतिरबाट आक्रमण भएको छ । सरसर्ती हेर्दा आक्रमण देखिँदैन तर भाषामाथि आक्रमण छ, संस्कृतिमाथि आक्रमण छ, राजनीतिमाथि आक्रमण छ, राज्यका सबै क्षेत्रमा आक्रमण छ । कति विदेशीहरूबाट आक्रमण छ । कति नेपालीहरू नै नेपाली पहिचान सकाउन मतियार बनेका छन् । देशको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका व्यक्तिहरू नै विकृत बन्दै गएका छन् । आज हरक्षेत्रमा विकृति छ। राज्यको माथिल्लो निकायदेखि तल्लो निकायसम्म फोहोरी आहालमा डुबेका छन् । बाबु तँ सक्षम छस्, तँ शुद्ध छस् र तँ युवा छस् । तँजस्ता धेरै युवा मिलेर यो देशको शुद्धीकरण गर्नुपर्छ। तैँले जसरी हाम्रो उजाड भएको घरलाई बचाइस्, आमाको सुरक्षा गरिस् । मभन्दा ठुली तेरी आमा हुन् । तेरी आमा नेपाली माटो हुन् । मेरी आमा पनि माटो नै भएकी छन् । अनि सबैका आमाहरू, अनि हामी सबै माटो नै हुन्छौं। माटो भन्नु देश हो। माटोमाथि सिङ्गारिएको गहना भाषा र संस्कृति हुन् । नेपाली माटो, नेपाली संस्कृति र नेपाली भाषाको एकीकृत रूप नेपाल हो जहाँ अनेक जातजाति भाषाभाषीहरूले संरक्षण पाएका छन् । नेपाली संस्कृति र नेपाली भाषाको ठुलो छहारीमा नेपालभित्र रहेका जातजाति, संस्कृति, भाषा, परम्परा, रीतिरिवाजलाई संरक्षण गरी एकीकृत सभ्य, शिक्षित, र विकसित नेपाल बनाउनु आजको आवश्यकता छ। त्यसका लागि तँ र तँजस्तै युवाहरू निष्ठापूर्वक लाग्नुपर्छ। आजसम्म तँसँग मैले केही मागिनँ बाबु तर आज मलाई वचन दे* (भेटवाल, २०८०, पृ.१८७,१८८)।

उपन्यासकारले सरल भाषा शैलीमा भाव र अनुभूतिलाई अत्यन्त सहजतापूर्ण तरिकाले प्रस्तुत गरेका छन्। उनका उपन्यासहरूमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ। व्यक्तिले भोग्नु परेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक उपन्यासमा आफ्ना मान्यता एवम् विचार व्यक्त गरेका छन्।

विशेषतः उनका उपन्यासमा प्रकृति, राजनीति र जीवन सम्बद्ध सन्दर्भहरू समेटेका छन् । यस उपन्यासमा राजनीतिक समस्याबाट मुक्तिको कामना गरिएको छ। मानव जीवनका कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको परिकल्पना पाइन्छ । त्यसैगरी सामाजिक विकृति, विसङ्गति तथा असहमतिहरूको भर्त्सना गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको स्वर उराल्नु उनको उपन्यासको विशेषता हो। वैचारिक अनुभूति र इमान्दारितालाई सुहाउँदो स्थान दिनुका साथै राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेहको भाव प्रकट गरेका छन् । यस उपन्यासमा राष्ट्रमा समानता ल्याउन सर्वसाधारण जनतामा चेतना पर्छ भन्ने कुरालाई विचारका माध्यमबाट प्रष्ट पार्न खोजिएको छ।

प्रस्तुत उपन्यासमा मूल भाव र वा विचारका रूपमा अन्याय, अत्याचार, दमन, शोषण, निरङ्कुश अधिनायकी विरुद्ध आवाज उठाँउदै यथास्थिति, विवशता, बाध्यता र सन्त्रासबाट मुक्तिको लक्ष्यसहित सिर्जना कर्मलाई गति प्रदान गरिएको छ। यसैगरी आमाको सपनामार्फत् मानवजातिलाई आफ्नो परिचयको खोजी गर्न र अस्तित्व रक्षार्थ गर्न हौसला पनि प्रदान गरेका छन्। साथै विद्रोह, आक्रोश, परिवर्तनको चाहना र मुक्तिसङ्घर्षले उनका उपन्यासमा आधार प्राप्त गरेका छन्। तसर्थ वैचारिक देष्टिले हेर्दा आमाको सपना उपन्यासले पृथक् भाव, विचार र अनुभूतिको धरातलमा क्रान्ति, सङ्घर्ष एवम् राजनीतिको विषयमा बहस गर्दागर्दै शान्तिको नयाँ संसार नियालेका छन् भन्ने सार प्राप्त भएको छ।

उनको उपन्यासमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ। व्यक्तिले भोग्नुपरेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक उपन्यासमा आफ्ना विद्रोह र क्रान्तिधर्मी मान्यता एवम् विचार अभिव्यक्त गरेका छन्।

**निष्कर्ष**

सुखका लागि जे पनि गर्न पछि पर्दैन भन्ने सूक्ति तत्त्व निहित रहेर पापको डर नमानीकन जे पनि गर्दछ। जब शक्ति र सामर्थ्य गुम्छ अर्थात् जीवनकै उत्तरार्द्धतिर पुग्छ तब त्यतिबेला ऊ शान्तिपूर्वक बाँच्न सक्दैन र प्रायश्चित्त गर्न तत्पर हुन्छ भन्दै उपन्यासको विषयमा समाजमा सम्भ्रान्त मानिएका मानिसका काला कर्तुतको पर्दाफास गरिएको छ।
निम्नमध्यम वर्गीय चरित्र वा पात्रले कर्म र नियतिबाट प्राप्त गरेको धनसम्पत्ति असल वा सत्कर्मबाट आर्जित भएन भने त्यसले दुखद अवस्थाको सिर्जना गरिदिन्छ भन्दै सत्कर्मबाट मात्रै धन कमाउन उपन्यासले आह्वान गरेको छ।

वर्तमान समयमा देशको आक्रान्त परिस्थिति परिवेशमा उच्चतहमा पुगेको खराब मानिसले गर्दा देशभित्र विकृति, विसङ्गति, भ्रष्टाचारजस्ता यावत् समस्या बढिरहेकाले युवाहरूलाई त्यस विरुद्ध उठ्न आग्रह गरिएको छ।
'आजका दिनमा नेपालमाथि चारैतिरबाट आक्रमण भएको छ, सरसर्ती हेर्दा आक्रमण देखिँदैन तर भाषामाथि आक्रमण छ, संस्कृतिमाथि आक्रमण राजनीतिमाथि आक्रमण छ, राज्यका सबै क्षेत्रमा आक्रमण छ।'
यसरी सिङ्गो मुलुकको सबै क्षेत्रमा देखिएको अन्यौलतालाई उपन्यासले चित्रण गर्दै यो आक्रमणको अन्त्य गर्न युवाहरूलाई समेट्नुपर्ने विचार अभिव्यक्त भएको छ।
'देशको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका व्यक्तिहरू विकृत बन्दै गएका छन्। आज हरक्षेत्रमा विकृति छ, राज्यको माथिल्लो निकायदेखि तल्लो निकायसम्म भ्रष्टाचारको फोहोरी आहालमा डुबेका छन्' भन्दै युवाहरू मिली देशको शुद्धीकरणमा लाग्न मुख्य पात्र वसन्तेलाई आग्रह गरिएको देखिन्छ।
देश रहे हामी रहन्छौं, आफ्नो मौलिकता, पहिचान र देशप्रेमको भावनालाई अभिव्यक्त गर्दै उपन्यासकार भेटवालले नेपाली माटो, नेपाली संस्कृति र नेपाली भाषाको एकीकृत रूपलाई नै देश भनेका छन्। नेपाली संस्कृति र नेपाली भाषाको ठुलो छहारीमा नेपालभित्र रहेका जातजाति, संस्कृति, भाषा, परम्परा र रीतिरिवाजलाई संरक्षण गरी एकीकृत, सभ्य, शिक्षित र विकसित नेपाल बनाउनु आजको आवश्यकता हो भन्ने धारणा अभिव्यक्त गरेका छन्।
पर्दाभित्र... उपन्यासले वर्तमान समयका भ्रष्ट, नैतिकहीन, चरित्रहीन व्यक्तिका लुकेका र लुकाइएका अनुहार र कर्मलाई ज्योतिषीबाका र वसन्ते पात्रका माध्यमबाट दृश्यजगत्मा उतारेको छ। देशका प्रबुद्ध मानिने विद्वान्, कानुन व्यवसायी, प्राध्यापक, उच्चपदस्थ अधिकारी, चिकित्सकजस्ता व्यक्तिहरू कतिसम्म निचकार्यमा लागेका हुन्छन्, धनसम्पत्तिका लागि मानवतासमेत बेचबिखन गर्न पछि पर्दैनन् भन्ने यथार्थलाई उपन्यासले चित्रण गरेको छ।

**सन्दर्भ सामग्री**

उपाध्याय केशवप्रसाद, (२०५८), साहित्य प्रकाश, पाँचौ संस्करण,ललितपुरः साझा प्रकाशन।
ज्ञवाली, भगवानचन्द्र ( २०७५) साहित्य सिद्धान्त, अनु.काठमाडौंः जनता प्रसारण तथा प्रकाशन लि.।
जोशी, कुमारबहादुर (२०६६).पाश्चात्य साहित्यका प्रमुख वाद. ललितपुर : साझा प्रकाशन।
त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.२०५३), नेपाली बृहत् शब्दकोश, दोस्रो संस्करण काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।
त्रिपाठी वासुदेव र अन्य, (२०६५), नेपाली उपन्यास भाग - ४, पुल्चोक :साझा प्रकाशन।
थापा मोहनहिमांशु,(२०६६), साहित्य परिचय, पाँचौ संस्करण, काठमाडौं : साझा प्रकाशन।
बराल, ईश्वर आदि.(सम्पा.), (२०५५), नेपाली साहित्यकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।
भेटवाल, गङ्गाप्रसाद (२०८०) पर्दाभित्र..... , काठमाडौंः अनुसन्धान विमर्श।
लुइटेल, खगेन्द्रप्रसाद, (२०६०), उपन्यास सिद्धान्त र नेपाली उपन्यासको इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।